# प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण

स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषय
आंशिक आवश्यकता पूरा गर्नका लागि तयार पारिएको
शोधपत्र

प्रस्तुतकर्ता
नारायणप्रसाद बस्याल
परीक्षा रोल नं. : २८००७९/२०६६
त्रि.वि. दर्ता नं. : ६–१–४९–४६४–९९

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
कीर्तिपुर, काठमाडौं
२०६९

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**कीर्तिपुर, काठमाडौँ**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कीर्तिपुर, काठमाडौँ पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा गर्नका लागि छात्र नारायणप्रसाद बस्यालले शोधपत्र शीर्षक **प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण** मेरो निर्देशनमा रही शोधपत्र तयार पार्नुभएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म पूर्ण रुपमा सन्तुष्टि भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

................................

शोध निर्देशक

शरणहरि श्रेष्ठ

२०६९

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**कीर्तिपुर, काठमाडौँ**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कीर्तिपुर, काठमाडौँ पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षका लागि शिक्षा विषयको पाठ्यक्रम अनुरुप शिक्षा शोध पाठ्यांशका निमित्त छात्र नारायणप्रसाद बस्यालले **प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण** शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नुभएकोले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ :-

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. विभागीय प्रमुख | |
| प्रा. स्वयमप्रकाश ज.ब.रा. | ................................ |
| पाठ्यक्रम तथा मूल्याङ्कन विभाग | |
| २. शोध निर्देशक | |
| शरणहरि श्रेष्ठ | ................................ |
| ३. उप–प्रा. किरणराम रञ्जितकार | |
| बाह्य परीक्षक | ................................ |

मिति : २०६९।०१।०१

# मन्तव्य

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर क्याम्पस 'पाठ्यक्रम तथा मूल्याङ्कन' समुहको द्वितीय वर्षको आंशिक पूर्णता दिनको लागि **प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण** नामक शोधपत्र तयार पारेको छु । प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । शोधपत्रले त्रि.वि.को उद्देश्य पूरा गर्ने अपेक्षा लिएको छु । यस शोधपत्र तयार गर्ने क्रममा मलाई आवश्यक निर्देशन तथा सहयोग उपलब्ध गर्नुहुने आदरणीय गुरुहरु प्रा. श्री स्वयंप्रकाश ज.ब.रा., श्री शरणहरि श्रेष्ठज्यू र उप–प्रा. किरणराम रञ्जितकारज्यूप्रति विशेष आभार व्यक्त गर्दछु । यसै गरी यस शोधपत्रलाई पूर्णता दिन आवश्यक सत्य तथ्य सूचना तथा जानकारी उपलब्ध गराएर सहयोग पुऱ्याइदिनुहुने प्रा.वि. का प्र.अ.हरु, वि.व्य.स. का अध्यक्षहरु र विद्यार्थीहरुलाई समेत धन्यवाद ज्ञापन गर्दछु । त्यस्तै कम्प्यूटर टाइप गरी सहयोग पुऱ्याउनुहुने कीर्तिपुर नयाँबजार स्थित एकेडेमिक कम्प्युटर लिङ्कलाई धन्यवाद दिन चाहन्छु ।

मेरो पढाइप्रति सदैव जागरुक र उत्साहित गराउँदै यस तहसम्म ल्याउन हरेक पक्षमा सदा उत्साह, प्रेरणा र हौसला प्रदान गर्दै सफल भविष्यको कामना गर्नुहुने पूजनीय पिता धातानन्द बस्याल र माता विष्णुमाया बस्यालप्रति सदैव ऋणी रहनेछु । मेरो पढाइप्रति तीव्र हौसला र रुचि जगाउने अङ्कल कृष्णप्रसाद बस्याल, गोपाल बस्याल, प्रदीप बस्याल, भाइ अर्जुन बस्याल र सम्पूर्ण बस्याल परिवारप्रति कृतज्ञ रहनेछु । विश्वविद्यालय प्रवेश गर्दाको दिनदेखि हालसम्म सदैव सहयोगी भावना प्रकट गर्ने बहिनी–ज्वाइँ राधिका बस्याल र तुलसीराम अर्याललाई धन्यवाद दिन चाहन्छु ।

नारायणप्रसाद बस्याल

# शोधसार

प्रस्तुत शोधपत्र **"प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण"** को अवस्था पहिचान गर्ने उद्देश्यले यो अध्ययन गरिएको थियो । यस कार्यका लागि नवलपरासी जिल्ला अन्तर्गत दुम्किबास गा.वि.स लाई उद्देश्यमूलक नमूना छनौट विधिद्वारा छनोट गरिएको थियो । यस अध्ययनको उद्देश्यमा प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण पत्ता लगाउनु र प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले भोगेका समस्याहरु पत्ता लगाउनु रहेको थियो । यो अध्ययनको लागि गुणात्मक र संख्यात्मक विधिको प्रयोग गरिएको थियो । यस अध्ययनको लागि नवलपरासी जिल्लाको दुम्किवास गा.वि.स. भित्रका सामुदायिक र संस्थागत प्राथमिक विद्यालयहरुमध्ये १ वटा सामुदायिक प्राथमिक विद्यालय र १ वटा संस्थागत प्राथमिक विद्यालयलाई सुविधाजनक नमूना छनोट विधिका आधार छनोट गरिएको थियो । त्यसैगरी यस अध्ययनमा २ वटै विद्यालयका प्र.अ. र त्यस विद्यालयमा कार्यरत सबै शिक्षकहरुलाई स्वत रुपमा लिएको थियो । साथै यस अध्ययनमा नमूना छनोटमा परेका दुवै विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई पनि स्वत रुपमा लिइएको थियो । त्यस्तै यस अध्ययनमा नमूना छनोटमा परेका दुवै विद्यालयबाट ६/६ जना विद्यार्थीहरु छनोट गरिएको थियो । त्यसैगरी दुवै विद्यालयका अभिभावकहरु मध्ये नमूना छनोटका आधार ५/५ जनाको छनोट गरिएको थियो र त्यस गा.वि.स. भित्र रहेका ५ जना स्थानीय वुद्धिजीवीहरुलाई पनि छनोट गरिएको थियो ।

सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोणमा प्र.अ. विद्यालय व्यवस्थापन समिति अध्यक्ष, अभिभावक, स्थानीय वुद्धिजीवी र विद्यार्थीहरुको प्रतिक्रियामा शिक्षकहरु योग्यतावन, क्षमतावान, लगनशील, विषयवस्तुमा ज्ञान भएका, विद्यार्थीहरुलाई माया गरेर पढाउने, विद्यालयको हरेक कार्यक्रममा सहभागी हुने, सबै विद्यार्थीलाई समान व्यवहार गर्ने गरेको, विद्यालयमा केटाकेटीहरुलाई आफ्नै छोराछोरीहरुलाई गर्ने व्यवहार गरेको, आफ्नो कार्यमा बढी लगनशील र नियमित हुने, शिक्षण सिकाइ

क्रियाकलापमा बढी देखाउने, आदि प्रतिक्रिया पाइयो । यसका आधारमा उनीहरुको सकारात्मक दृष्टिकोण रहेको पाइयो ।

यसैगरी संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रतिको दृष्टिकोणमा प्र.अ. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, अभिभावक, स्थानीय वुद्विजीवी र विद्यार्थीहरुबाट पाइएको समग्र प्रतिक्रियामा विद्यालय कार्यरत शिक्षकहरु योग्यतावन, क्षमतावान, लगनशील, विषयवस्तुमा पोख्त, नियमित विद्यालयमा उपस्थिति भइ आफ्नो दायित्वलाई पूरागर्ने गरेको, विद्यालयको आचार संहितालाई पूर्णरुपमा पालना गरेको अध्ययनशील र जिज्ञासु, विद्यार्थीहरुलाई पढ्नलाई प्रेरित गर्न विभिन्न उपायहरु लागु गर्ने गरेको, नियमित गृहकार्य दिने गरेको, सबै विद्यार्थीहरुलाई समान व्यवहार गरेको, नजानेका कुराहरु खुशी भई बताइदिने गरेको आदि प्रतिक्रिया पाइयो । यी प्रतिक्रियाहरुबाट के स्पष्ट हुन्छ भने उनीहरुको शिक्षकहरुको पेशाप्रतिको दृष्टिकोण सकारात्मक रहेको पाइयो ।

प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले विभिन्न समस्याहरु जस्तै शैक्षिक सामग्री, शिक्षक निर्देशिका, पाठ्यक्रम, न्यून तलब, विभिन्न पक्षहरुको न्यून सहयोग र अन्य कार्यक्रमहरुमा सहभागी हुने निम्न अवसर जस्ता समस्याहरु भोग्नु परेको देखियो ।

# विषयसूची


| | | |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| मन्तव्य | | iii |
| शोधसार | | iv |
| विषयसूची | | vii |
| तालिकासूची | | ix |

**अध्याय एक : परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ८ |
| १.३ | अध्ययनको उद्देश्य | १० |
| १.४ | अध्ययनको औचित्य | १० |
| १.५ | अध्ययनको सीमा | ११ |

**अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन**

| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १३ |
| २.२ | पूर्व अध्ययनहरुको पुनरावलोकन | १८ |
| २.३ | अवधारणात्मक ढाँचा | १९ |

**अध्याय तीन : अध्ययन विधि**

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धान ढाँचा | २० |
| ३.२ | अध्ययनको क्षेत्र | २० |
| ३.३ | नमूना छनौट | २० |
| | ३.३.१ अध्ययनको जनसंख्याको छनौट | २१ |
| | ३.३.२ विद्यालयको छनौट | २१ |

३.३.३ प्रधानाध्यापकको छनौट २१
३.३.४ विद्यालय व्यवस्थापन समितिका अध्यक्षको छनौट २१
३.३.५ शिक्षकको छनौट २१
३.३.६ अभिभावकको छनौट २१
३.३.७ स्थानीय बुद्धिजीवीको छनौट २२
३.३.८ विद्यार्थीको छनौट २२
३.४ सूचना संकलनका साधनहरु २२
३.४.१ प्र.अ. सँग अन्तर्वार्ता र खुल्ला प्रश्नावली २२
३.४.२ शिक्षकसँग अन्तर्वार्ता प्रश्नावली २२
३.४.३ विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग अन्तर्वार्ता प्रश्नावली २२
३.४.४ अभिभावक, बुद्धिजीवी व्यक्तिसँग खुल्ला प्रश्नावली र छलफल २३
३.४.५ विद्यार्थीसँग छलफल र खुल्ला प्रश्नावली २३
३.५ साधनको वैधता २३
३.६ तथ्याङ्क संकलन प्रक्रिया २३
३.६.१ प्राथमिक तथ्याङ्क २३
३.६.२ सहायक तथ्याङ्क २४
३.७ नैतिकताको मापदण्ड २४
३.८ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया २५

**अध्याय चार : तथ्याङ्कको विश्लेषण र व्याख्या**

४.१ शिक्षकहरुको कार्यप्रति सरोकारवालाहरुको दृष्टिकोण २५
४.१.१ सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति प्र.अ. को दृष्टिकोण २६
४.१.२ संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति प्र.अ. को दृष्टिकोण ३१
४.१.३ सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति

विद्यालय व्यवस्थापन समितिका अध्यक्षको दृष्टिकोण ३५
४.१.४ संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति विद्यालय व्यवस्थापन समितिका अध्यक्षको दृष्टिकोण ३६
४.१.५ सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेशाप्रंति अभिभावकहरुको दृष्टिकोण ३७
४.१.६ सामुदायिक संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति अभिभावकको दृष्टिकोण ३८
४.१.७ सामुदायिक र संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति स्थानीय बुद्विजीवी व्यक्तिहरुको दृष्टिकोण ३९
४.१.८ सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति विद्यार्थीहरुको दृष्टिकोण ३९
४.१.९ संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुको कार्यप्रति विद्यार्थीहरुको दृष्टिकोण ४०
४.२ प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरका शिक्षणमा भोगेका समस्याहरु ४१
४.२.१ सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले भोगेका समस्याहरुको बारेका प्राप्त प्रतिक्रिया ४१
४.२.२ संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले भोगेका समस्याहरुको बारेमा प्राप्त प्रतिक्रिया ४४

**अध्याय पाँच : प्राप्ति, निष्कर्ष र सुझाव**
५.१ प्राप्ति ४८
५.२ निष्कर्ष ५१
५.३ सुझाव ५२

सन्दर्भसामग्री
परिशिष्ट

# तालिका सूची


तालिका नं. ४.६ : शिक्षकहरुको कार्यप्रतिको सम्बन्धमा सामुदायिक प्राथमिक विद्यालयका प्र.अ. बाट प्राप्त प्रतिक्रिया २६

तालिका नं. ४.७ : शिक्षकहरुको कार्यप्रतिको सम्बन्धमा संस्थागत प्राथमिक विद्यालयका प्र.अ. बाट प्राप्त प्रतिक्रिया ३१

तालिका नं. ४.८ : सामुदायिक प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले भोगेका समस्याहरुको बारेमा प्राप्त प्रतिक्रिया ४२

तालिका नं. ४.९ : संस्थागत प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरुले भोगेका समस्याहरुको बारेमा प्राप्त प्रतिक्रिया ४५